श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३६ सालको ऐन नं. १०

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

पञ्चायत (सदस्य प्रत्याह्वान) ऐन, २०३३ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना: पञ्चायत (सदस्य प्रत्याह्वान) ऐन, २०३३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "पञ्चायत (सदस्य प्रत्याह्वान) (दोस्रो संशोधन) ऐन, २०३६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. पञ्चायत (सदस्य प्रत्याह्वान) ऐन, २०३३ को दफा ६ मा संशोधन: पञ्चायत (सदस्य प्रत्याह्वान) ऐन, २०३३ (यसपछि "मूल ऐन" भनिएको) को दफा ६ मा "सम्पूर्ण सदस्य संख्याको" भन्ने शब्दहरू प्रयोग भएका ठाउँहरूमा सो शब्दहरूको सट्टा "तत्काल कायम रहेको सदस्य संख्याको" भन्ने शब्दहरू राखिएका छन् ।

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मूल ऐनको दफा ७ मा संशोधनः मूल ऐनको दफा ७ को सट्टा देहायको दफा ७ राखिएको छः–

"७. स्वीकृति लिनु पर्नेः दफा ६ बमोजिम प्रत्याह्वानको प्रस्ताव सम्बन्धित बैठकमा पेश गर्नु अगावै श्री ५ को सरकार वा श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी गठन गरेको समितिको स्वीकृति लिनु पर्नेछ।"

४. मूल ऐनको दफा ६ मा संशोधनः मूल ऐनको दफा ६ मा "सम्पूर्ण सदस्य संख्याको" भन्ने शब्दहरू प्रयोग भएका ठाउँहरूमा सो शब्दहरूको सट्टा "तत्काल कायम रहेको सदस्य संख्याको" भन्ने शब्दहरू राखिएका छन्।

५. मूल ऐनको दफा १३ मा संशोधनः मूल ऐनको दफा १३ मा रहेको "दफा ७ को उप-दफा (२) बमोजिम" भन्ने शब्दहरूको सट्टा "दफा ७ बमोजिम" भन्ने शब्दहरू राखिएका छन्।

६. खारेजीः मूल ऐनको दफा ८ खारेज गरिएको छ।

लालमोहर सदर मितिः– २०३६।७।२६।२

आज्ञाले–
ध्रुववर सिंह थापा
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।